का.जि.प्र.का.द.नं. १००/०५९/६०

❐ वर्ष १९, अंक २२६
❐ १४ असोज २०७८, बिहीबार
❐ 30 September 2021, Thursday
www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका अनलाइनमा पढ्नका लागि QR कोड स्क्यान गर्नुहोला ।

# स्वार्थले गाँजिएको संसद्

जनताका प्रतिनिधिहरूको ठूलो प्रतिनिधिसभा राजनीतिक दल र तिनका नेताहरूको स्वार्थमा बन्धक बन्दै गएको छ । दुई वर्ष यता संसद्मा जनताको समस्या नभएर दलहरूको स्वार्थ हाबी हुँदै आएको छ ।



“रेफ्रीको भूमिका खेल्नुपर्ने सभामुखले गठबन्धनसँग मिलेर हाम्रो पोष्टमा गोल छिराउनुभयो । त्यसैले संसद् अवरोध गर्न ठीक नभएपनि हाम्रो बाध्यता हो । किनभने हामी अन्यायमा परेका छौं ।

■ **सुवास नेम्वाङ**
**उपनेता, एमाले संसदीय दल**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १३ असोज ।

प्रधानमन्त्री शेरबहादुर देउवाले आज बिहान सर्वदलीय बैठक बोलाएका छन् । बिहान १० बजे सर्वदलीय बैठक बोलाएका हुन् । सर्वदलीय बैठक बोलाउनुको प्रयोजन भने प्रतिनिधिसभाको गतिरोध हटाउनु हो । गएको २३ भदौदेखि शुरु भएको प्रतिनिधिसभा प्रमुख विपक्षी दल नेकपा एमालेका सांसदहरुको अवरोधका कारण चल्न सकेको छैन । प्रधानमन्त्री देउवाका सचिवालयका अनुसार, संसद्को गतिरोध हटाउने विकल्पबारे छलफल गर्न सर्वदलीय बैठक बोलाइएको हो ।

यसअघि सभामुख अग्निप्रसाद सापकोटाले सर्वदलीय बैठक बोलाउँदै आएका छन् । तर विपक्षी एमाले सभामुखले बोलाएको बैठकमा अनुपस्थित हुने गरेको छ । बरू हरेक बैठकमा नाराबाजी र रोष्टम घेराऊ रोकेका छैनन् । विपक्षी दलको अवरोध बीच सरकारले चालु आर्थिक वर्षको संशोधित बजेट पारित गरिसकेको छ । गएको १५ जेठमा एमाले नेतृत्व सरकारले अध्यादेशबाट ल्याएको बजेट संशोधन सहित पारित भएको छ । तर विपक्षीको अवरोधबीच बजेट पारित भएपनि केही दिन सरकारले राज्यकोषबाट खर्च गर्न सकेन ।

अध्यादेश ६० दिनभित्र अनुमोदन हुनुपर्ने प्रावधानअनुसार, सरकारी कोष खर्च हुन सकेको थिएन । एमालेलाई पेलेर केही अध्यादेश र बजेट पनि पारित भएको छ । तर जनताका समस्याबारे संसद्मा सांसदहरुले बोल्न पाएका छैनन् । एमालेले कारबाही गरेका १४ सांसदलाई पदुमक्त नगरिएकाले सभामुखको राजीनामा माग्दै एमालेले संसद अवरोध गरिरहेको छ । एमाले अध्यक्ष ओलीले भने संसदले काम गर्न नसकेकाले ताजा जनादेशमा जानुको विकल्प नरहेको बताउँदै आएका छन् । मंगलबार पत्रकार हरुसँग पनि अध्यक्ष ओलीले त्यही अडान दोहोऱ्याए ।

हुन त ओलीले असंवैधानिक कदम चाल्दै दुई पटक प्रतिनिधिसभा नै विघटन गरेका थिए । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को आन्तरिक कलहका कारण ओलीले गएको ५ पुसमा प्रतिनिधिसभा विघटन गरेका थिए । संसद् विघटनको निर्णय ११ फागुनमा सर्वोच्च अदालतले बदर गरिदियो । ओलीले फेरि ७ जेठमा दोस्रो पटक प्रतिनिधिसभा विघटन गरे । फेरि पनि अदालतले भंग गर्ने निर्णय बदर मात्रै गरेन, ओलीलाई पदमुक्त समेत गरिदियो ।

पाँच दलका १४९ सांसदको हस्ताक्षर सहित सर्वोच्च अदालतमा दिइएको रिट निवेदनको माग बमोजि अदालतले नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री नियुक्त गर्न परमादेश दिएको थियो । प्रधानमन्त्री देउवाले पनि संसद्लाई प्रभावकारी बनाउनेतिर लागेनन् । बरु सत्ता टिकाउन ३२ साउनमा हठात् संसद् अधिवेशन अन्त्य गरियो । २ भदौमा राजनीतिक दल सम्बन्धी अध्यादेश ल्याए । उक्त अध्यादेशकै आधारमा नेकपा एमाले विभाजित भयो ।

पूर्वप्रधानमन्त्री माधवकुमार नेपाल सहित २२ सांसदले देउवालाई विश्वासको मत दिएका थिए । त्यस मध्ये एमालेले १४ सांसदलाई पदमुक्त गर्ने निर्णय गरेको थियो । तर सभामुख सापकोटाले पदमुक्त नगरेको भन्दै एमालेले संसद् अवरोध गरिरहेको छ । अर्थात् ओलीले जस्तै प्रधानमन्त्री देउवाले पनि संसदलाई प्रभावकारी बनाउनेतिर ध्यान दिएका छैनन् ।

नेकपाको आन्तरिक कलहकै कारण दुई वर्ष यता प्रतिनिधिसभा बैठक राम्रोसँग चल्न सकेको छैन । जबकी यही अवधिमा विश्वव्यापी कोरोना महामारी लगायत संकटले मुलुक मानवीय संकटमा छ ।

# मुख्यमन्त्रीको कार्यालयमा छापा

प्रदेश-२ का मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले छापा मारेको छ ।

**रोजित महतो/मध्यान्ह**
जनकपुर, १३ असोज ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले प्रदेश-२ का मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा छापा मारेको छ । 'बेटी बचाऊ, बेटी पढाऊ' कार्यक्रम अन्तर्गत छात्रालाई वितरण गरिएको साइकल खरीदमा भ्रष्टाचार भएको उजुरीको आधारमा छापा मारेको अख्तियारले जनाएको छ ।

काठमाडौँ र बर्दिबासबाट खटिएको अख्तियारको संयुक्त टोलीले मुख्यमन्त्री कार्यालयबाट कागजपत्र नियन्त्रणमा लिएको छ । 'बेटी पढाऊ, बेटी बचाऊ' अभियान अन्तर्गत कक्षा-८ मा अध्ययन गर्ने छात्रालाई साइकल वितरण गरिएको थियो । अख्तियार यो कार्यक्रम सम्बन्धी कागजात नियन्त्रणमा लिएको अख्तियारका अनुसन्धान अधिकृत उपसचिव मेघनाथ रिमालले बताए । उनले कागजात नियन्त्रणमा लिएर अनुसन्धान अघि बढाइएको पनि बताए ।

२०७६ असार १६ गते बसेको बैठकले सामुदायिक विद्यालयमा अध्ययनरत छात्रालाई साइकल वितरण गर्ने निर्णय गरेको थियो । प्रदेश-२ का आठै जिल्लाका कक्षा-८ मा अध्ययन गर्ने छात्रालाई वितरण गर्न मुख्यमन्त्री कार्यालयले अहिलेसम्म चार चरणमा गरी ४१ हजार २६२ थान साइकल खरीद गरेको छ । साइकल खरीदमा झण्डै रु २९ करोड खर्च भएको भन्दै आयोगमा उजुरी परेको प्रवक्ता रिमालले बताए ।

प्रतिसाइकल भ्याट सहित ६



जसरी अख्तियारको टोली आएर एक्कासी छापामार शैलीको प्रयोग गरे, त्यसबाट नियत ठीक नभएको स्पष्ट देखिएको छ ।

■ **लालबाबु राउत**
**मुख्यमन्त्री, प्रदेश-२**

हजार ४३२ का दरले वीरगञ्जको ओम सत्यसाई प्रालिबाट आपूर्ति गरेको हो । काठमाडौँका साइनो इन्टरनेशनल र म्याप हेलेक्सी समेतले आवेदन दिएका थिए ।

अख्तियारले छापा मारेको प्रति मुख्यमन्त्री लालबाबु राउतले आपत्ति जनाएका छन् । उनले संघीयता र प्रदेश सरकारलाई बद्नाम गर्न अख्तियारको टोलीले छापामार शेलीमा छापा मारेको बताएका छन् । मुख्यमन्त्री राउतले अख्तियार प्रमुख प्रेमकुमार राईसँग टेलिफोनमा कुरा गरेको पनि बताएका छन् । “अख्तियारको शैलीप्रति आफूले आपत्ति जनाएको र राईले पनि कमजोरी स्वीकार गर्नुभएको छ”, मुख्यमन्त्री राउतले ।

अखितयारको टोलीले कागजपत्र नियन्त्रणमा लिएर गएलगत्तै मुख्यमन्त्री राउतले पत्रकार सम्मेलन गरी अख्तियारको शैलीको विरोध जनाए । “जसरी अख्तियारको टोली आएर एक्कासि छापामार शैलीको प्रयोग गरे, त्यसबाट उनीहरूको नियत ठीक नभएको स्पष्ट देखिएको छ । एकैपटक छापा मार्ने र मिडियामा भाइरल बनाउने यसभित्र जरुर कुनै रहस्य लुकेको हुनुपर्छ” मुख्यमन्त्री राउतले भने, “पक्कै पनि यस घटनामा अरु नै तत्व मिलेका छन् । प्रदेशलाई बदनाम गर्ने र मुख्यमन्त्रीलाई बदनाम गर्ने नियतले यो घटना गराइएको हो ।”

छात्रालाई वितरण गरिएको साइकल कम्पनीबाटै र बजार मूल्य भन्दा सस्तोमा खरीद गरेको दावी गरे । मुख्यमन्त्री राउतले भ्रष्टाचार र अनियमितताको बाँकी पृष्ठ २ मा

# गहना र गाडी आयातमा कडाई !

**विभा शर्मा /मध्यान्ह**
काठमाडौं १३ असोज ।

व्यापार घाटा चुलिदै गएपछि सरकारले विलाशी सामग्रीको आयातमा कडाई गर्ने भएको छ । सुन, चाँदी, हिरा, विदेशी मदिरा, महँगा गाडी लगायतको आयातमा कडाई गर्न लागिएको राष्ट्र बैंक स्रोतले जनाएको छ । राष्ट्र बैंकका अधिकारीहरुका अनुसार, विशाली सामग्री आयातमा कडाई गर्दा झण्डै एक खर्ब राज्य कोषमा सञ्चित हुने अनुमान छ । गत वर्ष झण्डै २७ अर्वको सुन, करीब १० अर्वको चाँदी र २ अर्व बराबरको हिरा आयात भएको थियो ।

स्रोतका अनुसार, गभर्नर महाप्रसाद अधिकारी कोरोना संक्रमित भएर घरमै बसेको कारण यसबारे निर्णय हुन सकेको छैन । गभर्नर अधिकारी निको भए पछि यसबारे निर्णय गर्ने तयारी छ । तर गभर्नर अधिकारी भने यो निर्णय राष्ट्र बैंकको सिफारिसमा मन्त्रिपरिषद् बैठकबाट हुनुपर्ने पक्षमा छन् । यो प्रस्ताव अर्थमन्त्री जनार्दन शर्मालाई पनि दिएका छन् ।

दुई वर्ष अगाडि पनि सरकारले ५० हजार डलर भन्दा महँगो गाडी आयातमा रोक लगाएको थियो । तर वैशाखमा खुला गरिएको थियो । व्यापारीहरुले भने महँगा गाडी चढ्नु व्यक्तिको शोख र हैसियतको कुरा भएको बताउने गरेका छन् । नेपाल अटो मोबाइल एशोसियसनका एक पदाधिकारी, महँगा गाडी आयात बन्द गर्ने तयारी सुनेपछि आपत्ति जनाइएको बताउँछन् । “हल्लाकै आधारमा अरु कुनै निर्णय गर्ने कुरा भएन, सरकारले औपचारिक निर्णय गरेपछि त्यसबारेमा हामी बैठक बसेरै आवश्यक निर्णय गर्छौं । विगतमा जस्तो सरकारका हरेक गलत निर्णय मौनसमर्थन गर्ने कुरा हुंदैन”, ती पदाधिकारीले मध्यान्हसँग भने ।

गभर्नर अधिकारी पहिलेदेखि नै विलाशी सामग्री आयातमा कडाई गर्ने पक्षमा छन् । पहलकदमी समेत गर्दै आएका छन् । बजेट पारित नभएकाले अन्योल अवस्था रहेको र आर्थिक अवस्था कसरी अगाडि बढ्छ भन्ने अन्योल रहेकाले निर्णय हुन सकेको थिएन । निरन्तर बजेट घाटा बढेपछि गभर्नर अधिकारीको सुझाबअनुसार, सरकार अगाडि तयारीमा देखिन्छ । अर्थमन्त्री शर्माले गभर्नर बाँकी पृष्ठ २ मा

# स्वदेश फर्किने कामदारलाई भरिया बनाउने प्रवृत्ति बढ्यो

## ८९९ ग्राम सुनसहित १७ जना विमानस्थलबाट पक्राउ

**मध्यान्ह संवाददाता**
काठमाडौं, १३ असोज

चाडपर्वमा नेपाली कामदार स्वदेश फर्किने क्रमसँगै उनीहरूलाई भरिया बनाउने प्रवृत्ति पनि बढेको छ । प्रहरीले त्रिभुवन अन्तर र्ष्ट्रिय विमानस्थलमा वैदेशिक रोजगारीबाट फर्किएका १७ जनालाई अवैध सुनसहित पक्राउ गरेपछि कामदारलाई भरिया बनाइने प्रवृत्ति बढेको देखिएको हो ।

आइतबारयता अवैधरूपमा ल्याइएको ८ सय ९९ ग्राम सुन बरामद भएको भन्दै प्रहरीले पक्राउ परेका सबैजना भरिया रहेको बताएको छ । प्रहरीले सिन्धुपाल्चोक चौतारा साँगाचोकगढीका समुन्द्र दंगाल र काठमाडौं बूढानीलकण्ठका सन्तवीर राई लगायतलाई पक्राउ गरेको थियो ।

घर फर्किने नेपाली कामदारलाई विदेशी विमानस्थलमा तस्करहरूले विभिन्न बहाना र केही रकमको लोभ देखाएर काठमाडौं विमानस्थलमा रिसिभ गर्न आउने व्यक्तिलाई दिनु भनेर पठाउने गरेको प्रहरीको भनाइ छ । विशेषगरी खाडी र मलेसियाबाट काठमाडौं आउने यात्रुहरुलाई तस्करीका लागि दुरुपयोग गर्ने गरिएको बताइएको छ ।

तस्करहरुले परफ्युम, बच्चाको डाईपर, मोबाइलको ब्याट्रीको भित्रि भागमा लुकाई स्वदेश फर्किने कामदारलाई बोकाएर नयाँ शैलीमा सुन पठाउने गरेको विमानस्थलस्थित सुरक्षा स्रोतले बतायो । प्रहरीले सानो परिमाणमा हुने सुन तस्करीको तरिका थाहा पाएपछि तस्करहरुले पटकपटक शैली परिवर्तन गर्ने गरेको सुरक्षा स्रोतको भनाइ छ ।

तस्करहरुले सोझा कामदार हरुलाई भरिया बनाएपछि कतारस्थित नेपाली दूतावासले सूचना जारी गर्दै कतारबाट नेपाल फर्किने कामदारहरुलाई नचिनेका व्यक्तिहरुले अनुरोध वा प्रलोभनमा परेर सुनलगायतका बहुमुल्य वस्तुहरुको भरिया बनाउने गरेको भन्दै सचेत रहन आग्रह गरेको थियो । शिक्षा र चेतनाका दृष्टिले कमजोर र न्यून आय भएका कामदारहरु सचेत हुन नसक्दा भरिया भई अनाहकमा जेलसमेत पर्ने गरेका छन् । पक्राउ परेका कामदारहरु भरिया नै भएको स्पष्ट भएपनि मुद्दा चलाउनु पर्ने कानूनी बाध्यताले थुनामा पठाउने गरेको प्रहरीले बताउने गरेको छ ।

**वैदेशिक रोजगार विशेष**

### विदेशी मुद्रा सटहीमा कडाइ

**काठमाडौं/मस–** रेमट्यान्स र अन्य माध्यमबाट आउने विदेशी मुद्रा सञ्चिति घटपछि नेपाल राष्ट्र बैंकले विदेश यात्रामा पाइने सटही सुविधामा नियन्त्रण शुरू गरेको छ । नेपाल आयात हुने व्यापारसँगै भुक्तानीमा चाप बढेपछि नेपाल राष्ट्र बैंकले बुधबारदेखि विदेशी मुद्रा सटहीमा कडाइ गर्न वाणिज्य बैंकहरुलाई निर्देशन दिएको छ ।

मुलुकमा भित्रिने रकम भन्दा मुलुकबाट बाहिरिने रकम बढ्दा साउन महिनामा शोधनान्तर स्थिति ३८ अर्ब ७५ करोडले नकारात्मक बनेको थियो । राष्ट्र बैंकले विदेश जाने प्रमाण पुऱ्याए राहदानीको प्रतिलिपि राखी बढीमा दुई हजार डलरसम्म सटही सुविधा दिन निर्देशन दिएको छ । असार महिनामा करिब सवा अर्ब रुपयाँले मात्र सकारात्मक रहेको शोधनान्तर स्थिति एक महिनाकै अवधिमा नै ३९ अर्बले नकारात्मक भएको बताइएको छ । नेपालीहरूको महानचाड दशैं, तिहार तथा छठ पर्व नजिकिँदै गर्दा वैदेशिक रोजगारमा रहेका नेपाली कामदारले रेमिट्यान्सको परिमाण बढाउने आंकलन गरिएको छ । विदेशी लगानी, अनुदान र नेपाल आउने पर्यटक घटेपछि वैदेशिक रोजगारीमा रहेका कामदारको कमाई नै डलरको सञ्चिति बढाउने माध्यम बनेको छ ।


## यूएईमा बैदेशिक रोजगारको अवसर

**१. कम्पनी: IMDAAD LLC, UAE**

पूर्व स्विकृती मिती: २०७८/०६/१२ चलानी नं.: ६०१६४१५० LT.No.246873

| सि. नं. | कामदारको पद | माग संख्या पूरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलव AED | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner/Janitress | 0 | 50 | काममा दक्ष | 900 | २८,८७० | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |
| 2 | Cleaner/General Labourer | 150 | 0 | | 800 | २५,६६५ | | | | | | | |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोषको यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००/- | कामदार स्वयं रु. १,५००/- | निःशुल्क |

**अन्तर्वार्ता हुने स्थान र मिति : मेनपावर कार्यालय सिनामंगलमा २०७८ असोज २० देखि २३ गते सम्म (6 to 9 OCT. 2021) मा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी :-** १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

श्रम इजाजत न. १०५०/०७३/०७४

**Earth Smart Human Resources Nepal Pvt. Ltd.**
Sinamangal, Kathmandu-9, Phone No. +977-01-4474652, 4474653, 9849113951, 9841390584, 9851009690, 9841813387
Website: www.earthsmart-nepal.com, Email: earthsmartnepal1050@gmail.com

# काठमाडौं उपत्यकामा करिब ५० प्रतिशतलाई खोप

**काठमाडौं/मस**– काठमाडौं उपत्यकामा कोरोना भाइरसविरुद्धको पूर्ण मात्रा खोप करिब ५० प्रतिशत जनसंख्यामा पुगेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार काठमाडौं, ललितपुर र भक्तपुरका खोप लगाउन लक्षित करिब ५० प्रतिशत जनसंख्यालाई पूर्ण मात्राको खोप लगाइएको हो।

स्वास्थ्य सेवा विभाग, परिवार कल्याण महाशाखाको बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख सागर दाहालका अनुसार काठमाडौं उपत्यकाका ५० प्रतिशतले पहिलो मात्रा र ४८ प्रतिशतले पूर्ण मात्राको खोप लगाइसकेका छन्। उपत्यकामा पहिलो मात्रा १६ लाख २२ हजार ४४१ र पूर्ण मात्रा १५ लाख ६२ हजार ७३४ जनालाई लगाइसकिएको छ।

काठमाडौं उपत्यकाका ३२ लाख ४७ लाख ५५८ जनसंख्यामध्ये १८ वर्ष माथिका २१ लाख २ ९ हजार ७७३ जनसंख्यालाई खोप लगाउने लक्ष्य राखिएको छ। मन्त्रालयको खोप शाखाका अधिकृत भरत भण्डारीले काठमाडौं जिल्लामा पहिलो मात्रा ५१.५ प्रतिशतले र ४८.७ प्रतिशतले पूर्ण मात्रा खोप लगाइसकेका बताए। काठमाडौं जिल्लामा खोप लगाउने लक्षित जनसंख्या १५ लाख ६२ जना हो।

## मुख्यमन्त्रीको ...

समाचारमा कुनै किसिमको सत्यता नभएको बताए। "यो सबै प्रदेश सरकार र मुख्यमन्त्रीलाई बदनाम गर्ने षड्यन्त्र हो", उनले भने।

प्रदेश सरकार आफैँले जनलोकपाल आयोग गठन गरे पनि अख्तियारले छापा मारेर प्रमाण मात्र लोप गरेको आरोप लगाए। "मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय आफैँमा एउटा 'स्टेट'को प्रमुखको कार्यालय हो। कुनै निकायलाई केही बुझ्नुपरेका फाइल अध्ययन गर्नुपरेमा माग्ने एउटा तरिका हुन्छ, सुशासनको सवालमा म आफैँ खुल्ला किताब हुँ", उनले भने। साइकल खरीदमा कहीँ कतै अनियमितता भएको भए कारबाही गर्न आफू सहयोग गर्न तयार रहेको बताए।

## गहना...

अधिकारीसँग कालो बजारी बढ्ने भएकाले दशैं, तिहार जस्ता ठूला पर्व सकिएपछि मात्रै निर्णय गर्नेबारे सल्लाहमा छन्। दुई वर्ष अगाडि देखि आयातमा प्रतिबन्ध लगाएको केराउ, सुपारी, मरिच लगायत आयातमा प्रतिबन्ध लगाएको थियो। गत वर्ष कोटा निर्धारण गरिए पनि व्यापारीहरुले अन्य वस्तु आयात गरेको पाइएको थियो। त्यही अनुसार ती वस्तुको आयातमा पनि थप कडाई गर्न लागिएको छ। यसपटक कुनै पनि खालको कोटा निर्धारण नहुने भएको छ।

## कतारमा रोजगार

१. कम्पनी: BAHADIR CONSTRUCTION ENGINEERING CONTRACTING TRADING शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/०५/२५ चलानी नं.: ६०१६२७४५ LT. No.: 245446 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 249 | 0 | स. काममा दक्ष | 1000 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी: OPERATORS CONTRACTING AND TRADING शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४३७० LT. No.: 247266

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Instal Technician | 20 | 0 | | 1200 | ३८,९४० | | | | | | | |
| 3. | Reinforc Fitter | 15 | 0 | | 1200 | ३८,९४० | | | | | | | |
| 4. | Plaster Worker | 100 | 0 | | 1000 | ३२,४५० | | | | | | | |

३. कम्पनी: YALLA TRANSPORTATION CO. शहर: QATAR

पुर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४३७१ LT. No.: 247113

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 10 | 0 | स. काममा दक्ष | 1500 | ४८,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी: PEARL LNTERIORA DESIGN शहर: DOHA

पुर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४३७२ LT. No.: 247048

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,४५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २१ गते (7 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Mobhira Recruitment Consultancy services (P.) Ltd.**

बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल, फोन: ०१-४३७८८४२, ४३७८९३६, मो.: ९८२३६६८१६०, ९८०१०८५६३९

Email: manager@mobhiraservices.com, Web: www.mobhiraservices.com

श्रम इजाजत नं. १४६९/०७४/०७५

## साउदीमा रोजगार

कम्पनी: QASSER AL NUKHBA FOR CONTRACTING EST शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४२९९ L.T. No.: 246897

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Clean Worker | 8 | 0 | स. काममा दक्ष | 1000 | ३१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २१ गते (7 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**FISHTAIL OVERSEAS PVT. LTD.**

PO Box No: 947, Samakhusi :-29, Gangabu, Kathmandu, Nepal

Tel : 01-4386382, 01-4389757, E-mail : fishtailoverseas508@gmail.com

Govt. Lic. No. 1286/074/075

## कतारमा रोजगार

१. कम्पनी : ARABIAN OASIS TRADING AND CONTRACTING शहर: QATAR

पूर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४३६९ LT. No.: 246980

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ४५,४३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Busin Executive | 1 | 0 | | 2500 | ८१,१२५ | | | | | | | |
| 3. | Building Worker | 2 | 0 | | 1000 | ३२,४५० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २१ गते (7 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**AAROHAN HUMAN RESOURCE PVT. LTD.**

Battisputali, 09. Kathmandu ,Nepal. Tel.: +977-14465606,

Email : contact@arohanhr.com

Lic No.: 1428/074/75

## कतार र साउदीमा रोजगार

१. कम्पनी : AL MADHAL KITCHEN WLL शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४२९० LT. No.:247016

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1700 | ५५,०१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 1 | 0 | | 1300 | ४२,०६८ | | | | | | | |
| 3. | Cooker | 2 | 0 | | 1500 | ४८,५४० | | | | | | | |

२. कम्पनी: : AL TAWABI INTERNATIONAL TRADING CORPORATION शहर: JEDDAH

पूर्व स्वीकृत मितिः २०७८/०४/२२ चलानी नं.: ६०१६११६५ LT. No.: 241368 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factor | 2 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Polishing Agent | 2 | 0 | | 1000 | ३१,५०० | | | | | | | |
| 3. | Compounds Installer | 2 | 0 | | 1000 | ३१,५०० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २१ गते (7 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

**आयुष इन्टरनेशनल ओभरसिज सर्भिसेज प्रा. लि.**

पो.ब.नं. १०३०४, का. म. न. पा.-०३, बाँसबारी, (वेलनेस हस्पिटलको अगाडी) काठमाडौं

फोन: ४३७९०९१, ४३७६५६६, फ्याक्स: ४३७९०४७, Email: ayushintl007@gmail.com

श्रम इजाजत नं. ६८८/०६३/०६४

## SAUDI मा रोजगारको अवसर

१. कम्पनी : MAHARAH HUMAN RESOURCES COMPANY शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४३७३ LT. No.: 247196

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL LABOR | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : HERFY CAKE AND PASTRY COMPANY FACTORY BRANCH OF HERFY FOOD SERVICES COMPANY शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४३७९ LT. No.: 247202

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

३. कम्पनी : MAHARAH HUMAN RESOURCES COMPANY शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४३७७ LT. No.: 247199

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL LABOR | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

४. कम्पनी : MAHARAH HUMAN RESOURCES COMPANY शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४३६७ LT. No.: 247195

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL LABOR | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

५. कम्पनी : MAHARAH HUMAN RESOURCES COMPANY शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४३७५ LT. No.: 247197

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL LABOR | 50 | 0 | स. काममा दक्ष | 1000 | ३१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

६. कम्पनी : MAHARAH HUMAN RESOURCES COMPANY शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४३८० LT. No.: 247201

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | FACTOR | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | PUBLIC DRIVER | 10 | 0 | | 1800 | ५६,७०० | | | | | | | |

७. कम्पनी : MAHARAH HUMAN RESOURCES COMPANY शहर: SAUDI

पूर्व स्वीकृत मितिः २०७८/०६/१३ चलानी नं.: ६०१६४३७६ LT. No.: 247198

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GENERAL LABOR | 100 | 0 | स. काममा दक्ष | 1000 | ३१,५०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २१ गते (7 October 2021) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. ३,५ र ७ नि:शुल्क अन्य रु. १००००।- |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

**Young Manpower Pvt. Ltd.**

P.Box: 26144, Battisputali-9, Kathamandu, Tel: 4483814, 4483815, 4483816, 4483817

Email:youngmanpower123@gmail.com

Govt Lic. No. 1047/073/074

---

**दोरम्बा शैलुङ गाउँपालिका**

**गाँउ कार्यपालिकाको कार्यालय**

**टोकरपुर, रामेछाप**

**वाग्मती प्रदेश, नेपाल**

## E-Bidding बोलपत्र आह्वानको सुचना

**(प्रथम पटक प्रकाशित मितिः-२०७८/०६/१४)**

यस दोरम्वा शैलुङ गाउकार्यपालिकाको कार्यालयको लागि चालु आ.व.२०७८/७९ मा निम्न कार्यहरु E-Bidding बोलपत्रको माध्यमबाट निर्माण गरिने भएकोले इच्छुक इजाजत प्राप्त योग्यता पुगेका निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही रितपुर्वकको E-Bidding बोलपत्र आह्वान गरिएको छ।

**शर्तहरुः-**

१. E-Bidding बोलपत्र सम्बन्धी कागजातहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ४१ औं दिन कार्यालय समयभित्र बोलपत्र फारम PPMO को Website www.bolpatra.gov.np/egp बाट Download गरी प्राप्त गर्न सकिनेछ।

२. सूचना प्रकाशित भएको मितिले ४१ औ दिन दिनको १२ बजे भित्र बोलपत्र फारमका साथ बोलपत्रदाताले अद्याबधिक नबिकरण गरेको व्यवसाय दर्ताको प्रमाणीत इजाजतपत्र, अद्याबधिक नविकरण फर्म, संस्था वा कम्पनी दर्ता प्रमाणपत्र, मुल्य अभिबृद्धि करमा दर्ताको प्रमाणपत्र/स्थायी लेखा नम्बर प्रमाणीत प्रमाणपत्र, आ.ब.०७७।०७८ को करचुक्ताको प्रमाण Bid Submission form बोलपत्र दस्तुर बापतको रकम यस कार्यालयको ग्लोवल आइएमई बैक टोकरपुरशाखामा रहेको संचित खाता R904010000008 ( For Bid document purchase) मा जम्मा गरेको भौचर एवं जमानत र कम सोही बैकको धरौटी खाता R904010000004 (For bid security) मा रकम जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैक बाट यस कार्यालयको नाममा जारी गरीएको कम्तीमा ९० दिन म्याद भएको जमानत पत्र सहित आबश्यक अन्य कागजातहरु समेत Scanning गरी तोकीएको Format मा बोलपत्र साथ Upload गर्नु पर्ने छ।

३. एक फर्मको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्मको नाममा Upload गर्न पाईने छैन साथै वोलपत्र स्वीकृत भएपछि सम्बन्धित व्यक्ति, फर्म वा संस्थासंग मात्र सम्झौता गरिनेछ।

४. कार्यालयले बिड डकुमेन्ट Hard Copy उपलब्ध गराउने र दर्तागर्ने दुबै गर्ने छैन।

५. ४१ औ दिनमा दर्ता भएका बोलपत्रहरु सोहि दिन दिनको २.०० बजे यस कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। तर प्रतिनिधि अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन। बोलपत्र दर्ता गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलीपल्ट क्रमिक रुपमा गरिनेछ।

६. बोलपत्र शर्तरहित र कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टव्य नलेखिएको हुनुपर्नेछ। केरमेट भएको ठाउमा अधिकार प्राप्त व्यक्तिले सही छाप गरेको हुनुपर्नेछ। समयभित्र प्राप्त नभएको र सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली ०६४(संसोधन सहित) बमोजिम रित नपुगेको र सूचनाका शर्त विपरित भएको बोलपत्रमाथि कुनै कारवाही हुने छैन।

७. पेश हुन आएको बोलपत्र स्वीकृत गर्ने/नगर्ने वा आंशिक स्वीकृत गर्ने सम्पूर्ण अधिकार सम्बन्धित कार्यालयमा सुरक्षित रहनेछ।

८. यस सूचना सम्बन्धी कुनै किसिमको अन्य जानकारी चाहेमा कार्यालयमा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।

९. यस सूचनामा उल्लेखित कुराहरु संसोधन गर्नु परेमा PPMO को www.bolpatra.gov.np/egp को Addendum site मा राखिने छ। यस सूचनामा नपरेका अन्य कुराहरु बोलपत्रका शर्तहरु, सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ एवं प्रचलित ऐन नियमानुसार हुनेछ।

**निर्माण कार्यहरुको संक्षिप्त विवरणः**

| क्र.सं. | ठेक्का नं. | कामको विवरण | स्वीकृत ल.ई मु.अ.कर सहित | जमानत रकम | बोलपत्रको दस्तुर |
|---|---|---|---|---|---|
| १ | DSRM/WORKS/NCB/01/2078/079 | गाल्पा दोरम्बा शैलुङ सडक स्तर उन्नति | रु १९१९९२१९.६१ | रु ५००००० | ३००० |
| २ | DSRM/WORKS/NCB/02/2078/079 | दोरम्बा टोकरपुर सिगार्चे साल्मे पासवान गौश्वारा सडक स्तर उन्नति | रु १९१९९३८८.१३ | रु ५००००० | ३००० |
| ३ | DSRM/WORKS/NCB/03/2078/079 | चौरीखोला पुडीटार डोरखानी थर भन्ज्याङ पुन्चेत अल्छेढुंगा टोकरपुर दहपाताल देउराली डाँडा मझुवा दुधेलीभन्ज्याङ | रु १९३०९५४४.५२ | रु ५००००० | ३००० |

**प्रमुख प्रशासकीय अधिकृत**

# रामपुरमा शीत भण्डारको आलु बिग्रिएपछि किसानले मागे क्षतिपूर्ति

सुशीला रेग्मी/मध्यान्ह
पाल्पा, १३ असोज



शीत भण्डार चालु भएपछि कृषक औधी खुशी भए । आलु भण्डारण गर्न रामपुर देखि भैरहवा, स्याङ्जाको जिमुवा लगायतका स्थानमा कृषकलाई धाउनु परेन । यसैले पनि कृषक खुशी नहुने कुरै भएन । जसोतसो ढिलै भएपनि पाल्पाकै ठूलो रामपुरमा तीन सय मेट्रिकटन क्षमताको शीत भण्डार निर्माण भई प्रयोगमा ल्याइयो । कृषक उत्साहित हुदै खेतबारीमा उत्पादन भएको आलु भण्डारण गर्न थाले । भण्डारणको समयमा जति धेरै उत्साहित थिए कृषक अहिले भने रमाउन सकेका छैनन् ।

आलु उम्रने, बिग्रने समस्याले उनीहरु चिन्तित बनेका छन् । रामपुर ७ बस्ने यमकान्ती गौतमले करिब रु दश लाख बराबरको उन्नत वीउ आलु भण्डारण गरेकी छन् । स्थानीय सरकारले शीत भण्डार परिक्षण बिना नै आलु भण्डारण गर्न हौसाउँदा कृषक मारमा परेको उनी गुनासो गर्छिन् ।

'उन्नत जातको वीउ आलु टुसाउने, बिग्रने भएको छ, अघिल्ला वर्षमा सधैं भैरहवा लगेर भण्डारण गरिन्थ्यो, अहिले गाउँमै बनेको चिस्यान केन्द्रमा आलु राखेको नराम्रो सँग फसियो,' उनले दुखेसो पोखिन् । वीउका लागि करिव १३० बोरा आलु शीत भण्डारमा राखेकी छन् । उनले रु ३६ हजार ४०० रकम भण्डारण खर्च तिरेकी छन् । वर्षेनी वीउ आलु बेचेर रु पाँच देखि सात लाख आम्दानी गर्ने उहाँ यस पटक भने शीत भण्डार व्यवस्थापनको लापरबाहीले बज्रपात पारेको छ ।

खानका लागि शीत भण्डारबाट घरमा झिकेर ल्याइएको आलु उम्रेर लामा-लामा टुसा पलाएको देख्दा रामपुर ६ तालपोखरा बस्ने मित्रा ढकाललाई नमज्जा लाग्यो ।

उनले रामपुर नगरपालिका वडा नं ६ को कार्यालयको आलु प्रवर्द्धन कार्यक्रम अन्तर्गत व्यावसायिक आलु उत्पादन गरेकी हुन् । 'शीत भण्डारबाट झिकेर ल्याएको आलु खाल्डोबाट झिकेजस्तो छ, प्रतिकिलो रु ३० मा घरमै आलु खरिद गर्न आउँदा शीत भण्डारमा राख्नुपर्छ भनेर हामीलाई आलु अन्यत्र बिक्रि गर्न दिइएन, आलु बिग्रियो अब सम्बन्धित निकायले क्षतिपूर्ति दिनुपर्छ,' उनले गुनासो पोखिन् ।

ढकालले दश बोरा खायन र वीउ आलु भण्डारण गरेकी छन् ।

रामपुर ५ बेझाड बस्ने मैना श्रेष्ठले दशैं तिहार पर्वमा प्रयोग गर्न कृषकबाट खरिद गरेको तीन बोरा आलु भण्डारण गरिन् । तर अहिले आलु उम्रेको देख्दा उनको लगानी सबै खेर गएको छ । चाडपर्वमा बजार भाउ महंगो, कहिलेकाँही महंगो शुल्कमा खरिद गर्छु भन्दा पनि नपाइने समस्याले स्थानीय कृषकसँग आलु खरिद गरी चाडपर्वमा प्रयोग गर्न सुरक्षित रुपमा शीत भण्डारमा राखेको आलु खान लायकको नभएको उनी बताउँछिन् । उनी भन्छिन्, 'पुरै टुसा पलाएर खान हुने खालको छैन, कोही कुहेको छ त कोही दबिएजस्तो खालको छ, आलु खरिद, शीत भण्डारण शुल्क सबै खेर गयो ।' त्यस्तै रामपुर ३ का वडा अध्यक्ष दिनेशकुमार खनालले गाउँका अन्य कृषकलाई प्रोत्साहन गर्न ४७ बोरा वीउ आलु भण्डारण गरेको बताउँछन् ।

आलु बोराबाटै बाहिर लामा लामा टुसा पलाएको देख्दा उनी चिन्तित छन् ।शीत भण्डारमा प्राबिधिक व्यवस्थापनको तालमेल नहुँदा वीउका लागि भण्डारण गरिएको १०३ बोरा आलु खेर जाने स्थिती सिर्जना भएको लेखनाथ रेग्मी बताउँछन् । यहाँको शीत भण्डारमा करिव एक हजार चार सय क्वीण्टल आलु राखिएको छ । गत वैशाख दोस्रो र तेस्रो सातामा आलु भण्डारण गरियो । शीत भण्डार निर्माणको ढिलाईका कारण उपयुक्त समयमा आलु भण्डारण नहुदा समस्या निम्तिएको कृषि शाखा प्रमुख रामहरी पाण्डेयले बताए । 'फागुनमा खनेको आलु वैशाख दोस्रो सातामा मात्रै भण्डारण गरियो, समयमा नै भवन बनेन, तापक्रम व्यवस्थापन नुहुन, कृषकले ल्याउँदा नै केहीको आलु उम्रिसकेको थियो,' शाखा प्रमुख पाण्डेयले भने ।

नगरपालिकाले शीत भण्डार सञ्चालनका लागि टेण्डरमार्फत रम्भा गाउँपालिका १ हुँगीका भगवती अधिकारी न्यौपानेलाई रु दुई लाख पाँच हजारमा एक वर्षको लागि सम्झौता गरी प्रयोगमा ल्याइएको हो ।

शीत भण्डार पहिलो वर्ष प्रयोगमा ल्याउँदा प्राविधिक तालमेल नमिलेकाले समस्या भएको रामपुर नगरपालिकाका प्रवक्ता तथा वडा नं ६ का वडा अध्यक्ष हुमनाथ न्यौपाने बताउँछन् । 'भण्डारण कक्षभित्र हावा नखेलेको ठाउँको आलु उम्रिएको छ, हावा खेलेको ठाउँमा बिग्रिएको छैन, आलु खानयोग्य छैन, वीउको लागि प्रयोगमा पनि आउँदैन पुरै कुहिएर बिग्रिएको छ भने त्यसको सम्बन्धित पक्षबाट व्यवस्थापन हुनेछ,' उनले भने । रामपुर नगरपालिकामा मात्रै गत आर्थिक वर्षमा आलु ब्लक कार्यक्रम सञ्चालन भएकाले पनि धेरै आलु उत्पादन भएको छ ।

नगरभित्र करिब पाँच हजार रोपनी क्षेत्रफलमा चार हजार टन आलु उत्पादन भएको छ । यहाँ उत्पादन भएको आलु बेमौसमीयाममा महंगो मुल्यमा बिक्रि गर्न सुरक्षित तरिकाले भण्डारण गरिएको थियो । बिडम्बना परिस्थिती ठिक विपरित भइदिएको छ । कृषि उपज भण्डारण गर्न प्रतिकिलो रु छ शुल्क कायम गरिएको छ ।

रामपुर क्षेत्रमा उत्पादन हुने कृषिजन्य उपजलाई सुरक्षित साथ भण्डारण गरेर राख्नका लागि कृषि शाखाको परिसरमा लुम्बिनी प्रदेश सरकारको सर्शत अनुदानमा रबिना र अभिसा जेभी कन्ट्रक्सन प्रालिले संयुक्त रुपमा रु तीन करोड २६ लाख ७६ हजार पाँच सय ६६ मा ठेक्का सम्झौता गरी निर्माण गरिएको हो । फरक फरक क्षमताका पाँच कोठा रहेका छन् । दुईतले दश कोठा सहितको प्रशासनिक भवन, अपाङ्गमैत्री शौचालय छ । दुई कोठामा आलु भण्डारण गरिएको छ ।

आर्थिक वर्ष २०७५-०७६ मा लुम्बिनी प्रदेश सरकारको भूमी व्यवस्था कृषि तथा सहकारी मन्त्रालयले विभिन्न स्थानीय तहलाई प्रस्तावना माग गरे अनुसार रामपुर नगरपालिकाले पनि प्रस्ताव पेश गरेको थियो । सोही अनुरुप छनोट भई नगरपालिका संग सम्झौता गरी नगरपालिकाले आफ्नै लगानीमा डिपिआर तयार पारेर शीत भण्डार निर्माण गरी प्रयोगमा आएको छ ।


# गाउँपालिकास्तरीय स्वास्थ्य तथा सरसफाई ऐनको मस्यौदा बन्दै

षडानन्द अधिकारी / मध्यान्ह
कालिकोट, १३ असोज

शुभकालिका गाउँपालिका प्रमुख खडानन्द चौलागाईंले चाँडै नै गाउँ पालिकास्तरीय स्वास्थ्य तथा सरसफाई ऐनको मस्यौदा बनाएर पारित गर्ने प्रतिवद्धता जनाएका छन् ।

गाउँपालिकाको सुकाटियामा गाउँपालिकास्तरीय स्वास्थ्य तथा सरसफाई नीति निर्माण सम्बनधी परामर्श तथा छलफल कार्यक्रम समापन गर्दै चोलागाईंले मानिसको लागि अत्यावश्यक कुरा स्वास्थ्य भएको र दिगो बिकास लक्षयलाई प्राप्त गर्न स्वस्थ जिवनशैली आवश्यक भएकाले स्वास्थ्य सेवालाई थप जनमुखी र प्रभावकारी बनाउन ऐनले महत्वपूर्ण भूमिका खेल्ने बताए ।

स्वास्थ्यका लागि सक्षम प्रणालीको सहयोग तथा शुभकालिका



गाउँपालिका कालिकोटको आयोजना तथा अध्यक्ष चौलागाईंको अध्यक्षता तथा उपाध्यक्ष पम्फा देबी शाहीको बिशेष आतिथ्यतामा छलफल कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रमको उद्येश्य माथि प्रकास पार्दै स्वास्थ्यका लागि सक्षम प्रणालीका प्राविधिक अधिकृत गगन बहादुर ठगुन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकारलाई प्रयोग गर्दै गाउँपाल्कामा स्वास्थ्य तथा सरसफाई नीति आवश्यक रहेकाले उक्त नीति छिट्टै बनाउनु पर्ने बताए । यस्तै कार्यक्रमको समापन गर्दै गाउँपालिका अध्यक्ष चौलागाईले गाउँपालिकाले हालसम्म बिभिन्न ३४ वडामा ऐन बनाई सकेको र स्वास्थ्य तथा सरसफाई ऐनको मस्यौदा बनाइ छिट्टै पारीत गरिने जानकारी दिए । बुधबार भएको छलफल कार्यक्रममा गाउँपालिकाका प्रवक्ता तथा वडा नं ५ का अध्यक्ष केशन बहादुर शाही, वडा नं ४ का अध्यक्ष राम बहादुर शाही, कार्यपालिका सदस्य मनशोभा शाही, भिमकौरा शाही लगायतका जनप्रतिनिधि साथै शुभकालिका गाउँपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत अमृता अधिकारी, शैक्षिक स्रोत ब्यक्ति पुष्पराज आचार्य लगायतको उपस्थिति रहेको थियो ।

# रुकुम पूर्वलाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरियो




रविन विश्वकर्मा/मध्यान्ह
रुकुम पूर्व,१३ असोज

रुकुम (पूर्व) लाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको छ । जिल्लाका सबै बालबालिकाले पूर्ण रुपमा खोप पाएपछि पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको हो । लुम्बिनी प्रदेशसभाका सभामुख पूर्णबहादुर घर्तीले बुधबार जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरेका हुन् ।

जिल्लाका जन्मेदेखि १५ महिनासम्मका एक हजार ३ सय बालबालिका र १६ देखि २३ महिनासम्मका ९ सय ३४ जना बाबालिकाले पूर्ण रुपमा खोप पाएपछि जिल्लालाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरिएको हो ।

सभामुख घर्तीले प्रतिबद्धता पत्रमा हस्ताक्षर गरी बुधबार देखि जिल्ला पूर्ण खोप सुनिश्चित भएको घोषणा गरे । यस अघि जिल्लाका ३ वटै गाउँपालिलाई पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरीएको थियो । तीनवटै पालिकापछि जिल्लालाई पनि पूर्ण खोप सुनिश्चित घोषणा गरिएको स्वास्थ्य कार्यालय रुकुम पूर्वका प्रमुख गौरव ढकालले मध्यान्हलाई जानकारी दिए ।

भौगोलिक बिकटताका बावजुत पनि जिल्लाबासी सबैको सकृय सहयोगमा पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गर्न सफल भएको बताए ।

रुकुम पूर्वलाई पूर्ण खोप सुनिश्चित जिल्ला घोषणा गरि एसंगै लुम्बिनी प्रदेशका १२ वटै जिल्ला पूर्ण खोप सुनिश्चित भएका छन् । यसअघि ११ वटा जिल्लाका सबै बालबालिकाले नियमित खोप पाएपछि पूर्ण खोप जिल्ला घोषणा गरिएको थियो ।

अब नेपालमा पूर्ण खोप जिल्ला घोषणा भएको संख्या ६२ पुगेको छ । नेपाललाई पूर्ण खोप सुनिश्चित देश घोषणा गर्ने प्रतिबद्धता अनुसार हालसम्म ६२ जिल्ला पूर्ण खोप सुनिश्चित घोषणा गरिएको स्वास्थ्य सेवा विभागका खोप शाखाका वसन्तकुमार श्रेष्ठले बताए । बाल मृत्युदर कम गर्नका लागि २०६६ सालदेखि जन्मदेखि २३ महिना सम्मका बालबालिकालाई नियमित खोप लगाउन थालिएको उहांले बताउनुभयो। खोप लगाउन थालेदेखि नेपालमा बाल मृत्यु दरमा पनि निकै कमी आएको उनको भनाइ छ ।

श्रेष्ठका अनुसार देशका झन्डै ९० प्रतिशत पालिका पूर्ण खोप सुनिश्चित पालिका भएका छन् ।

## रुकुममा युवाबीच झडप खुकुरी प्रहार हुँदा एकजना घाइते

अर्जुन बिष्ट/मध्यान्ह
रुकुम पश्चिम, १३ असोज ।

जिल्लाको आठबीसकोट नगरपालिकामा तलिगाउँ र माथी गाउँ बिचको झगडामा खुकुरी प्रहार हुँदा एक जना गम्भीर घाइते भएका छन् । आठबीसकोट नगरपालिका-३, खदीमा बुधबार पुरानै रिसिइबिका कारण तलिगाउँ र माथिगाउँका युवाहरुबीच झडप हुँदा स्थानीय युवा कर्ण बहादुर बोहरा खुकुरी प्रहारबाट घाइते भएका हुन् । घाइते बोहराको टाउको, चिउँडो, निधार, मुखमा चोट लागेको ईलाका प्रहरी कार्यालय रुकुम पश्चिमले जनाएको छ ।राजनीतिक ,सामाजिक लगायतका बिसयमा पटकपटक झगडा हुँदै आएकोले यसपालि पनि पुरानै रिसइवीका कारण झडप भएको प्रहरीले जनाएको छ ।

उक्त झडपमा २४ वर्षीय गोपाल विक, २१ वर्षीय विष्णु कामी , २३ वर्षीय कृष्ण विक र १८ वर्षीय महेन्द्र विक, ले खुकरी प्रहार गरेर फरार रहेको स्थानीयले बताएकाछन् ।


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी: Mohammed Bin Matr Bin Mohammed Al Qurashi Foundation For Land Transport — शहर: JEDDAH
पूर्व स्वीकृत मितिः २०७८/०६/१३ — चलानी नं.: ६०१६४२९४ — LT. No.: 247169

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 6 | 0 | स. काममा दक्ष | 1800 | ५६,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ असोज २१ गते (7 October 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अल अयुनी ओभरसिज सर्भिस प्रा. लि.** श्रम ईजाजत न. १००५/०६८/६९
पो.ब.नं. ३६५४, कोटेश्वर-३२ (CCRC College संगै) काठमाडौं, फोन : ०१-५१००५०२, ९८०३२१००४१, ९८१४७७८३७१, ९८१९७७९८६७, Email : cv@alayuni.com.np



## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७८/०६/१४
यस कम्पनीको मिति २०७७/०४/३१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **निरौला ल च्याम्बर एण्ड कम्पनी प्रा.लि. (प्रा.लि. नं. ९५०४८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/०८ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **लयर्स एण्ड ए.डि.आर. लिङ्क प्रा.लि.** कायम गरिएको व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## नेपाल ट्रेड डेष्टिनेशन प्रा.लि.को हकदावी गर्न आउने बारे ३५ दिने सूचना

कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरमा मिति २०७२/०३/०४ मा दर्ता भएको **नेपाल ट्रेड डेष्टिनेशन प्रा.लि.(दर्ता नं. १३६५७८)** को मिति २०७८/०६/०५ गते बसेको विशेष साधारणसभाले कम्पनी खारेज गर्ने निर्णय गरेकोले उक्त कम्पनीसँग कोही कसैको लेनदेन वा कम्पनीले तिर्नु बुझाउनु पर्ने कुनै दायित्व भएमा प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र लिक्वीडेटरको कार्यालय बानेश्वर काठमाडौंमा सम्पर्क गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अन्यथा तोकिएको म्यादभित्र हकदावी गर्न नआए उक्त कम्पनी खारेजीको प्रकृया अगाडि बढाई दर्ता खारेज गरिने छ ।
**लिक्वीडेटरः जिवन कुमार थापा, ठेगाना : डिल्लिबजार**
**इजाजतपत्र नं. ४२२, फोन नं. ९८४१६९६९६६**



## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

तेस्रो पटक प्रकाशित मिति २०७८/०६/१४
यस कम्पनीको मिति २०७८/०५/२६ मा सम्पन्न विषेश साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **कुरैशी कृषी फार्म प्रा.लि. (प्रा.लि. नं. २२३१९८)** को नाममा रहेको सम्पूर्ण चल अचल सम्पती तथा तिर्न पर्ने कर दायित्व आदी परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०७८/०६/०२ को निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **गाजी कृषि फार्म प्रा.लि.** कायम गरिएको व्होरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



## साउदीमा रोजगार

१. कम्पनी: ABDULLAH BIN FALEH BIN MUDHI AL - AJAMI FOR TRANSPORTATION — शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७८/०६/१३ — चलानी नं.: ६०१६४३८६ — L.T. No.: 247047

